खण्ड- ८ संख्या- ४ मिति : ३१ चैत्र, २०८१ साल

# गौरीगञ्ज राजपत्र

गौरीगञ्ज गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : ४ मिति : ३१ चैत्र, २०८१ साल

## भाग- २

## गौरीगञ्ज गाउँपालिकाको सूचना

गौरीगञ्ज गाउँ कार्यपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्बत् २०८१ सालको कार्यविधि नं. ४**

खण्ड- ८ संख्या- ४ मिति : ३१ चैत्र, २०८१ साल

# गौरीगञ्ज गाउँपालिका

## अध्यक्ष तथा उपाध्यक्ष विशेष कोष सञ्चालनसम्बन्धी कार्यविधि, २०८१

(गाउँ कार्यपालिकाबाट पारित मिति : २०८१/१२/२७)

**प्रस्तावना**

गौरीगञ्ज गाउँपालिकाको विकासलाई प्रभावकारी बनाउन, स्थानीय नागरिकहरुको पीरमर्का तथा समस्या समाधान गर्न र गाउँपालिकाको कार्यलाई थप व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ ।

गौरीगञ्ज राजपत्र

खण्ड- ८ संख्या- ४ मिति : ३१ चैत्र, २०८१ साल

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "गौरीगञ्ज गाउँपालिका अध्यक्ष उपाध्यक्ष विशेष कोष सञ्चालन कार्यविधि, २०८१" रहने छ ।

(२) यो कार्यविधि गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले गौरीगञ्ज गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष विशेष कोष सञ्चालन कार्यविधि, २०८१ सम्झनुपर्छ ।

(ख) "गाउँपालिका" भन्नाले गौरीगञ्ज गाउँपालिका सम्झनुपर्छ ।

(ग) "गाँउसभा" भन्नाले गौरीगञ्ज गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले गौरीगञ्ज गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष विशेष कोष सञ्चालन समिति सम्झनुपर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले गौरीगञ्ज गाउँपालिका अध्यक्ष सम्झनुपर्छ ।

(च) "उपाध्यक्ष" भन्नाले गौरीगञ्ज गाउँपालिका उपाध्यक्ष सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गौरीगञ्ज गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "गौरीगञ्ज गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष विशेष कोष" भन्नाले गौरीगञ्ज गाउँपालिकाको गाउँसभाले पारित गरेको पूँजीगत खर्चतर्फको बजेटबाट स्थापना भएको कोष सम्झनुपर्छ ।

परिच्छेद-२

## कोषको सञ्चालन कार्यविधि

३(क) अध्यक्ष तथा उपाध्यक्ष विशेष कोष सञ्चालनको लागि देहायबमोजिमको एक समिति रहने छ । उक्त समितिको निर्णयमा कार्यक्रम संचालन हुनेछ। समितिले सर्वसम्मत निर्णय गर्नुपर्ने छ ।

(१) गाउँपालिका अध्यक्ष- अध्यक्ष

(२) गाउँपालिका उपाध्यक्ष- उपाध्यक्ष

(३) प्रमुख प्रशासकीय अधिकृत- सदस्य-सचिव

आवश्यकतानुसार सम्बन्धित शाखा प्रमुखलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ ।

३(ख) अध्यक्ष तथा उपाध्यक्ष विशेष कोष सञ्चालन समितिको बैठक आवश्यकताअनुसार बस्ने छ ।

४. अध्यक्ष तथा उपाध्यक्ष विशेष कोषअन्तर्गत खर्च हुने अवस्थाको समस्या पहिचान भएमा वा निवेदन परेमा सोको मूल्याकन गर्ने कार्य दफा ३ (क) को समितिले गर्नेछ ।

उक्त समितिले मितव्ययिता, आवश्यकता, प्रभावकारिता तथा औचित्यताको आधारमा निर्णय गर्नुपर्ने छ ।

५. अध्यक्ष तथा उपाध्यक्ष विशेष कोषको सञ्चालन प्रचलित नियमानुसार प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट गरिने छ ।

६. अध्यक्ष तथा उपाध्यक्ष विशेष कोषको लेखा राख्ने तथा लेखा परीक्षण प्रचलित कानुनबमोजिम हुनेछ ।

७. आर्थिक वर्षको अन्त्यमा यस कोषमा खर्च भएर बाँकी रहेको रकम गाउँपालिकाको सञ्चित कोषमा फिर्ता गरिने छ ।

८. अध्यक्ष तथा उपाध्यक्ष विशेष कोषको खर्च गर्ने क्षेत्रहरु तपशिलमा उल्लेख भएबमोजिम हुनेछ :

(क) विपद व्यवस्थापनसम्बन्धी खोजी, उद्दार तथा राहत कार्यक्रम,

(ख) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकासमा आवश्यक सहयोग,

(ग) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्राविधिक तथा पूर्वाधारजन्य विकासको लागि आवश्यक कार्य ।

(घ) सरकारी भवन, विधालय, सभाहल, सामुदायिक भवन, अन्य सावर्जनिक भवन तथा संरचना निर्माण, मर्मत-सम्भार तथा सञ्चालन व्यवस्थापन,

(ङ) नवीन पर्यटकीय सेवा तथा कार्यसम्बन्धी आयोजनाको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन,

(च) प्राविधिक तथा व्यवसायिक प्रकृतिका योजना पहिचान, सञ्चालन, व्यवस्थापन, अनुगमन तथा मूल्यांकन,

(छ) विधालयको गुणस्तर अभिवृद्धिको लागि आवश्यक कार्य,

(ज) स्थानीयस्तरको ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्धन तथा स्तरीकरणसम्बन्धी कार्य,

(झ) स्थानीय पुस्तकालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न,

(ञ) खानेपानी तथा सरसफाई सचेतनाको अभिवृद्धि तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,

(ट) वातावरणीय तथा जैविक विविधतासम्बन्धी स्थानीय कार्यक्रम सञ्चालन, स्थानीयस्तरको वातावरणीय जोखिम न्यूनीकरण, स्थानीय हरित क्षेत्रको संरक्षण तथा प्रर्वद्धनसम्बन्धी कार्य,

(ठ) स्थानीय ग्रामीण तथा कृषि सडक, झोलुङ्गेपुल, सिचाईं आयोजनाको आकस्मिक मर्मत-संभार तथा व्यवस्थापन,

(ड) कृषि तथा पशुपालन, कृषि उत्पादन तथा व्यवस्थापन, पशु स्वास्थ्यसम्बन्धी अन्य आवश्यक कार्यक्रम,

(ढ) भाषा, लिपि, साहित्य, रहन-सहन, भेषभुषा, कला संस्कृति संरक्षण तथा प्रवर्द्धन,

(ण) युवा तथा खेलकुद विकास तथा प्रवर्द्धन,

(त) विपन्न नागरिकलाई स्वास्थ्य सेवाको लागि सहयोग,

(थ) भैपरि आउने अति आवश्यक विकास निर्माण सम्बन्धी अन्य कार्यहरु,

(द) महिला सशक्तीकरण, सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य,

(ध) स्वास्थ्य चौकी, आयुर्वेद औषधालय तथा अन्य स्वास्थ्य सेवा केन्द्रहरुमा अति आवश्यक औषधि, उपकरण खरिद तथा व्यवस्थापन ।

परिच्छेद-३

## अन्य

९. अध्यक्ष तथा उपाध्यक्ष विशेष कोषको माथि उल्लिखित दफा ८ बमोजिमका क्षेत्रहरु गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्ने छ ।

१०. अध्यक्ष तथा उपाध्यक्ष विशेष कोषमा सोधभर्ना हुने रकम बजेट तथा कार्यक्रम तर्जुमा समितिले निर्धारण गरी गाउँसभाले पारित गरेबमोजिम हुनेछ ।

११. गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष विशेष कोषलाई गाउँसभाले खारेज गर्न सक्नेछ ।

आज्ञाले,
खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत